# NYS राज्य विभाग - अनुमतिपत्र सेवा शाखा

# नङ विशिष्टता प्रयोगात्मक परीक्षा जानकारी

*NYS Department of State, Division of Licensing Services, One Commerce Plaza, PO Box 22001, Albany, NY 12201-2001*

## प्रयोगात्मक परीक्षा तालिका

नोट: तपाईंले आफ्नो प्रयोगात्मक परीक्षाको तालिका लिखित परीक्षाको जाँच पूरा हुनु पहिले वा पछि बनाउन सक्नुहुन्छ।

प्रयोगात्मक परीक्षाको तालिका अनलाइनमा बनाउनुपर्छ। तपाईंको आवेदनलाई स्वीकृत गरिएपछि आवेदनमा उपलब्ध गराइएको इमेल ठेगानामा इमेल पठाइनेछ। इमेलमा लिङ्क हुनेछ जहाँ तपाईंले आफ्नो तालिका बनाउन सक्नुहुन्छ।

तपाईंले आफ्नो तालिका बनाउदा $15 डलर फिर्ता नहुने शुल्क लाग्छ। तपाईंलाई आफ्नो परीक्षाको पुन: तालिका बनाउनु आवश्यक छ भने जरिवाना लाग्न ($15 डलरको शुल्क जफत हुन) बाट जोगिन तपाईंले आफ्नो निर्धारित परीक्षाको कम्तीमा छ दिन अगाडि त्यसो गर्न सक्नुहुन्छ। तपाईंले आफ्नो अपोइन्टमेन्ट रद्द गर्नुभयो वा निर्धारित परीक्षामा ढिला आउनुभयो वा निर्धारित परीक्षामा सहभागी हुनुभएन भने तपाईंको परीक्षा शुल्क जफत हुनेछ।

नोट: तपाईंले विशेष परीक्षण व्यवस्थाहरूको लागि अनुरोध गर्न उपयुक्त कागजात बुझाउनुभयो भने अनुमतिपत्र सेवा शाखाको प्रतिनिधिले तपाईंलाई तपाईंको परीक्षा तालिका सहित सम्पर्क गर्नेछन्।

## प्रयोगात्मकमा प्रवेश

यस परीक्षामा प्रवेशका लागि तपाईंले फोटो सहितको सरकारद्वारा जारी गरिएको हस्ताक्षर  सहितको परिचय पत्र ल्याउनुपर्छ। तपाईंको परिचय पत्र हालको (म्याद समाप्त नभएको) र तलको सूचीबाट हुनुपर्छ:

- चालक अनुमति पत्र
- राज्यद्वारा जारी गरिएको परिचय पत्र (पूर्व गैर-सावरी चालक आइडी)
- IDNYC कार्ड (NYC परिचय पत्र)
- फौजी आइडी
- संयुक्त राज्य अमेरिकाको पासपोर्ट
- संयुक्त राज्य अमेरिका INS द्वारा जारी आइडी
- संयुक्त राज्य अमेरिकी नागरिकता प्रमाणपत्र
- विदेशी पासपोर्ट
- मेक्सीको र इक्वेडरको कन्सुलर आइडी

अपोइन्टमेन्टहरू तपाईंको परिचय पत्रमा भएकै नाममा लिइएको हुनुपर्छ। यसमा बीचका नाम वा प्रथामक्षारहरू समावेश हुँदैनन्। तपाईंको पछिल्लो नाम समास गरिएको छ भने, कृपया आफ्नो पूरा नाम समावेश गर्न सुनिश्चित हुनुहोस्। तपाईंको नाम आइडीमा भएको नामसँग ठ्याक्कै मेल खाँदैन भने तपाईंलाई परीक्षामा पहुँच गर्नमा अस्वीकार गर्ने हामीसँग अधिकार रहन्छ।

## तपाईंको प्रयोगात्मकको लागि तयारी

तपाईं आफ्नो परीक्षामा नङ विशिष्टता सेवाहरू उपलब्ध गराउनको लागि उपयुक्त पोशाकमा आउनुपर्छ। सौन्दर्य र व्यावसायिकतालाई ध्यानमा राखी, तपाईंले निम्न नियमनहरूको पालना गर्न अपेक्षा गरिन्छ:

1) सफा, कम्तीमा एक चौथाइ लामो बाहुला भएको धुन मिल्ने बाहिरी कपडा आवश्यक हुन्छ।
2) पैतालाको माथिसम्म ढाक्ने खुट्टाको औंला र पछाडिको भाग ढाक्ने जुत्ता (क्यानभास होइन)।
3) धेरै र हल्लिने खालकका गरगहना नलगाउनुहोस्।
4) चुइङ्गम चपाउने र सेल फोनको प्रयोग गर्न अनुमति दिइएको हुँदैन।
5) आफू आगमन पहिले हातलाई साबुन र पानीले धोइएको हुनुपर्छ।

**तपाईंले यो परीक्षामा आफूसँग लाइम मोडेल ल्याउनुपर्छ।** मोडेल पुरूष वा महिला जोकोही पनि हुनसक्छ र कम्तीमा 16 वर्षको, आवश्यक सबै सञ्चालनहरू पेश गर्न सहमत हुने र परीक्षा सहित सबै कार्यविधिहरू प्राप्त गर्न सक्षम हुने हुनुपर्छ। तपाईंको मोडेलको दशवटा सफा र स्वस्थ प्राकृतिक नङहरू भएको, कुनै कृत्रिम उत्पादन नभएको हुनुपर्छ; उत्कृष्ट परिणामहरूको सुनिश्चित गर्न 1/8" देखि 1/4" सम्म स्वतन्त्र किनारा भएको सिफारिश गरिन्छ। कृपया तपाईंको मोडेल परीक्षा क्षेत्रमा आउनुपूर्व आफ्नो हात साबुन र पानीले धोएको छन् भनी सुनिश्चित गर्नुहोस्।

तपाईंले आफ्नै परीक्षा आपूर्ति र सामग्रीहरू आपूर्ति सूचीमा उल्लेख गरिए अनुसार ल्याउनुपर्छ। आवश्यक कुनैपनि आपूर्ति र सामग्रीहरू उपलब्ध गराउन असफल भएमा यसले तपाईंलाई केही परीक्षा कार्यविधिहरू सम्पादन गर्न सक्षम हुनबाट रोक्न सक्नेछ।

## प्रयोगात्मक परीक्षाका कार्यविधिहरू

नङ विशिष्टता प्रयोगात्मक परीक्षामा कार्यहरूका श्रृङ्खला समावेश छन् जसलाई तपाईंले प्रत्येक कार्यविधिलाई बाँडफाँड गरिएको समय-सीमा भित्रमा सम्पादन गर्नुपर्छ। तपाईंले निर्दिष्ट समयावधि भित्र निम्न कार्यविधिहरू प्रदर्शन गर्नुपर्छ:

**तालिका तय गर्ने** *(15 मिनेट)*

**आधारभूत नङ चिकित्सा (Manicure) र थप कार्यविधिहरूको तयारी** *(20 मिनेट)*

**टिप एप्लिकेसन र आकार दिने** *(25 मिनेट)*

र्‍याप **एप्लिकेसन** *(30 मिनेट)*

**एक्रेलिक एप्लिकेसन** *(30 मिनेट)*

**पोलिश एप्लिकेसन र सफाइ** *(15 मिनेट)*

परीक्षा कार्यविधिका कार्यहरू हाम्रो यस www.dos.ny.gov वेबसाइटमा उपलब्ध छन्। नङ विशिष्टता प्रयोगात्मक पूरा हुन लगभग 2 1/2 घण्टा लाग्नेछ। सम्पूर्ण परीक्षा अवधिमा सुरक्षा र संक्रमण नियन्त्रण कार्यविधिहरूको पालना गर्नुपर्छ। तपाईंले यो परीक्षा उत्तीर्ण गर्नको लागि 70 प्रतिशत अंक हासिल गर्नुपर्छ।

## सम्पर्क जानकारी

तपाईंले प्रयोगात्मक परीक्षा एकाइ राज्य विभागलाई (518) 473-2740 मा फोन गरी वा साधारण जानकारीको लागि अनुमतिपत्र सेवा शाखालाई (518) 453-8130 मा फोन गरी सम्पर्क गर्न सक्नुहुन्छ। अनुमतिपत्र सम्बन्धी अतरिक्त जानकारीको लागि कृपया हाम्रो वेबसाइट www.dos.ny.gov मा जान निसंकोच हुनुहोस्। प्रतिकूल मौसमको बेलामा तपाईंको परीक्षा हुनेछ कि छैन भनी कृपया हाम्रो वेबसाइटमा हेर्नुहोस्।

# आवश्यक आपूर्ति र सामग्रीहरू

तपाईंले तल सूचीबद्ध गरिएका वस्तुहरू समावेश भएको किट ल्याउनुपर्छ। सबै सामग्रीहरू पहिले सफा गरिएको र संक्रमित नभएको हुनुपर्छ। सबै उत्पादन र आपूर्तिहरू नयाँ हुनुपर्छ भन्ने छैन तर कभर गरिएको, भाँडोहरूमा लेबुल लगाइएको (अङ्ग्रेजीमा लेबल लगाइएको हुनुपर्छ) हुनुपर्छ। ***व्यक्तिगत सुरक्षात्मक उपकरण (जस्तै, मास्क, पञ्जा, सुरक्षात्मक चश्माहरू आदि) लाई प्रोत्साहित गरिन्छ तर ऐच्छिक हुन्।***

1. पूर्व-मिश्रित, उद्योगसँग सम्बन्धित, सतह सफाइ एजेन्ट, उपयुक्त तरिकाले लेबल लगाइएको (उत्पादनको नाम समावेश भएको) र स्प्रे बोतल
2. पूर्व-मिश्रित, अस्पताल-ग्रेड, उद्योगसँग सम्बन्धित संक्रमित नहुने सामग्री,
3. सफाइ गर्ने हाते स्क्रब वा हातको लागि स्प्रे-अन ( मौलिक, लेबल गरिएको प्याकेजिङ)
4. पानीले भरिएको प्लास्टिकको स्प्रे बोतल
5. दुईवटा “सफा” र “फोहोर” चिन्ह लगाइएका कभर गरिएका भाँडोहरू। एउटा सफा सामग्रीहरू राख्न र ओसार्न; एउटा दूषित सामग्रीहरू ओसार्नको लागि
6. एक्रेलिक प्राइमर
7. एक्रेलिक पाउडर (सेतो र सफा/सेतो) र एक्रेमिक मोनोमर (4 oz.) र आइड्रपर

   ***[कुनैपनि वाटर क्युरेबल उत्पादनहरूको अनुमति छैन]***

**महत्त्वपूर्ण: प्रभावकारी नोभेम्बर 1, 2001, MMA वा MMA समावेश भएका अन्य कुनैपनि उत्पादनहरूलाई न्यूयोर्क राज्यमा नङ सेवाहरूमा प्रयोग गर्ने कडाइका साथ निषेधित गरिएको छ र यस परीक्षामा प्रयोग गर्ने अनुमति दिइने छैन।**

8. दुईवटा नङका आकारहरू (धातु वा कागजको)
9. एक्रेलिक नङ ब्रस
10. फाइलहरू (साधारण, मध्यम र राम्रो)
11. थ्री-वे बफर र/वा बफर ब्लक
12. पूर्ण राम्रो नङ टिपहरू (कम्तीमा - 12)

    ***[कुनै Cutaways वा फ्रेन्च टिपहरूलाई अनुमति दिइने छैन]***
13. नङ चिप्काउने(हरू)

    ***[कुनै ब्रस-अनको अनुमति दिइने छैन]***
14. फाइबर ग्लास सिस्टम: र्‍याप (छ इन्चको स्ट्रिप; परीक्षा अगाडि नङको आकारमा नकाट्नुहोस्) रेसिन जेल र एक्टिभेटर/एक्सलेरेटर एक्टिभेटर/एक्सलेरेटर

    ***[कुनै ब्रस-अनको अनुमति दिइने छैन]***
15. नचिप्किने सिल्क (छ इन्चको स्ट्रिप; परीक्षा अगाडि नङको आकारमा नकाट्नुहोस्)
16. बनावटलाई नङमा धकेल्नको लागि पाँच-पाँच इन्चका प्लास्टिकका शिटहरू (ऐच्छिक)
17. पोलिश रिमुभर - 4 oz. (एसेटोन वा गैर एसेटोन)
18. सुन्तलाको काठको लौरो (लगभग 2-5)
19. एक्रेलिक तरल पदार्थ वा पाउडरको लागि तीनवटा (3) डापेन भाँडो वा साना भाँडाहरू
20. रातो क्रेमी पोलिश
21. आधार कोट र माथिको कोट (स्पष्ट भएको अवस्थामा समान हुन सक्छन्)

    ***[कुनैपनि उठाइएको (ridge) फिलरको अनुमति दिइएको छैन]***
22. फिङ्गरबोल (कुनै प्रतिस्थापनको भाँडोको अनुमति छैन)
23. कटन (सील गर्न योग्य भएको, प्लाष्टिकको झोला)
24. लिन्ट-फ्री नेल वाइप्स (ऐच्छिक)
25. कपडा काट्ने कैंची र नेल टिप क्लिपरहरू
26. क्युटिकल सोलभेन्ट वा सफ्टनर
27. ह्याण्ड क्रिम वा तेल (मालिसको लागि)
28. क्युटिकल तेल र/वा क्युटिकल क्रिम
29. क्युटिकल पुशर
30. कृत्रिम चिकित्सा नङ ब्रस
31. कपडाको टावेल *(ऐच्छिक)*
32. नष्ट गर्न सकिने कागजका टावेलहरू (लगभग 6)
33. सील गर्न योग्य प्लास्टिकको झोला र नष्ट गर्न सकिनेहरूका लागि टेप
34. नेल एन्टी सेप्टिक स्प्रे
35. सील गर्न योग्य प्लास्टिकको झोला र दुर्घटनाबाट आउन सक्ने रगतको लागि भाँडो
36. ब्याण्ड-एडहरू (2-3)
37. सेप्टिक पाउडर वा तरल पदार्थ
38. ब्याट्रीबाट चल्ने, क्लिप-अन लाइट (ऐच्छिक)*

***परीक्षण वातावरण***

कृपया ध्यान दिनुहोस् कि आवेदकहरूको परीक्षणको लागि सर्वत्र न्यूयोर्क राज्य भरी विभिन्न स्थानहरूको प्रयोग गरिने हुनाले भिन्न-भिन्न परीक्षणका वातावरणहरू विद्यमान हुनेछन्। सबै आवेदकहरूलाई आवश्यक कार्यविधिहरूको सम्पादन गर्न टेबल उपलब्ध गराइनेछ; यद्यपि प्रकाश जस्ता अवस्थाहरू भिन्न हुन सक्नेछन्। त्यसकारण, आवश्यक कार्यविधिहरूको सम्पादन गर्न तपाईंसँग पर्याप्त मात्रामा प्रकाश हुन्छ भनी सुनिश्चित गर्नका लागि तपाईंलाई ब्याट्रीबाट चल्ने क्लिप अन लाइट ल्याउन अनुमति दिइनेछ।

## परीक्षाका नतिजाहरू

परीक्षाका नतिजाहरू उपलब्ध भएपछि तपाईंलाई इमेलद्वारा सूचित गरिनेछ। परीक्षा सेक्सनका तपाईंका नतिजाहरू हेर्नका लागि तपाईंले आफ्नो NYS अनुमतिपत्र सेन्टर खातामा लगइन गर्नुपर्छ। लिखित र प्रयोगात्मक परीक्षाहरूमा उत्तीर्ण भएका आवेदकहरूलाई पत्रद्वारा न्यूयोर्क राज्य नङ विशिष्टता अनुमतिपत्र पठाइनेछ। तपाईं परीक्षामा अनुत्तीर्ण हुनुभयो भने तपाईंले NYS अनुमतिपत्र सेन्टर खातामा लगइन गरी अर्को परीक्षाको तालिका तय गर्न सक्नुहुन्छ। नतीजाहरू परीक्षामा वा टेलीफोनबाट दिइने छैन। तपाईंले आफ्नो परीक्षा नतिजाहरूमा अपील गर्न सक्नुहुने छैन।

## विश्लेषणको लागि अनुरोध

तपाईं आफ्नो परीक्षामा अनुत्तीर्ण हुनुभयो भने तपाईंले आफ्नो प्रयोगात्मक परीक्षाको विश्लेषण गर्नको लागि अनुरोध गर्न सक्नु हुनेछ। विश्लेषण भनेको तपाईंका सबलता र कमजोरीहरू पत्ता लगाउनका लागि तपाईंलाई सहायता गर्न तपाईंको प्रयोगात्मक परीक्षाका अङ्कहरूको प्रतिवेदन वा विश्लेषण हो। तपाईंले आफ्नो परीक्षा मितिको 60 दिन भित्रमा विश्लेषणको लागि अनुरोध गर्नुपर्छ। हामीले प्रयोगात्मक परीक्षामा उत्तीर्ण अङ्क हासिल गरेका व्यक्तिहरूलाई विश्लेषण उपलब्ध गराउने छैनौं।